# टायर-चित्र

- **आभास**

**<u>चित्र एक</u>**

टायर
गुडायो भने गुड्छ
गुड्नु
कहीँ पुग्नु हो
पुग्नु
प्रज्ञा हो
ज्ञान हो

ज्ञान
बुद्ध हो
मार्क्स हो
गान्धी
लेनिन
माओ
र मण्डेला पनि हो

टायर
गुडायो भने गुड्छ
चाहे
प्रविधिको गुडाऊ
या प्रज्ञाको

**<u>चित्र दुई</u>**

टायर
जलायो भने डढ्छ
डढ्नु
कहीँ अल्भनु हो
अल्भनु
मूढ हो
निर्बुद्धि हो

निर्बुद्धि
युद्ध हो
हिंसा हो
आतंक
मनमानी
परपीडा
र करणी पनि हो

टायर
जलायो भने डढ्छ
चाहे
प्रज्ञाको जलाऊ
या निर्बुद्धिको ।

२१ अगष्ट, २००६